# स्थानीय-राजपत्र

भरतपुर महानगरपालिकाद्धारा प्रकाशित

| | | |
|---|---|---|
| खण्ड १ | संख्या ३२ | मितिः २०७६/०९/२८ |

भाग-२

## सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७६

# भरतपुर महानगरपालिका

नगर कार्यपालिको कार्यालय

भरतपुर, चितवन

३ नं. प्रदेश, नेपाल

## सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७६

प्रमाणिकरण मितिः २०७६/९/२८

**प्रस्तावनाः** सहकारी आन्दोलनको विकास एवं सहकारी संस्थाको व्यवसाय विस्तारका लागि भरतपुर महानगरपालिकाबाट प्रदान गरिने अनुदान सुविधालाई सरल, पारदर्शी र प्रभावकारी तुल्याउन वाञ्छनीय भएकाले, भरतपुर महानगरपालिका सहकारी ऐन, २०७५ बमोजिम सहकारी संघ/संस्थालाई अनुदान प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न सहकारी ऐन, २०७५ को दफा १०२(१) बमोजिम नगर कार्यपालिकाको ३७औं बैठकले यो कार्यविधि बनाएको छ।

### परिच्छेद - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

क. "कार्यपालिका" भन्नाले भरतपुर महानगरपालिको कार्यपालिकालाई जनाउने छ ।

ख. "प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख लाई जनाउने छ ।

ग. "उपप्रमुख" भन्नाले भरतपुर महानगरपालिकको उपप्रमुख लाई जनाउने छ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भरतपुर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

ङ. "महाशाखा प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको आर्थिक विकास महाशाखाको प्रमुखलाई जनाउने छ ।

च. "आर्थिक विकास समिति" र "सहकारी उप-समिति" भन्नाले भरतपुर महानगरपालिकाको क्रमशः आर्थिक विकास समिति र सहकारी उप-समितिलाई जनाउने छ ।

छ. "शाखा" भन्नाले भरतपुर महानगरपालिकाको सहकारी तथा रोजगार प्रवर्द्धन शाखालाई जनाउने छ ।

ज. "शाखा प्रमुख" भन्नाले भरतपुर महानगरपालिकाको सहकारी तथा रोजगार प्रवर्द्धन शाखा प्रमुखलाई जनाउने छ ।

झ. "मूल्यांकन समिति" भन्नाले यस कार्यविधिको दफा १२ बमोजिम गठन भएको मूल्यांकन समितिलाई जनाउने छ ।

ञ. "आयोजना" भन्नाले दफा ३ को उपदफा (३) बमोजिम संस्थाले सञ्चालन गर्न प्रस्ताव गरेको आयोजना सम्झनु पर्छ ।

ट. "ऐन" भन्नाले प्रचलित सहकारी ऐन सम्झनु पर्छ ।

ठ. "नियमावली" भन्नाले प्रचलित सहकारी नियमावली सम्झनु पर्छ ।

ड. "मापदण्ड" भन्नाले भरतपुर महानगरपालिकाको सहकारी संस्था संचालन, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०७५ सम्झनु पर्छ ।

ढ. "मुख्य कारोबार" भन्नाले संस्थाले सञ्चालन गरेको व्यावसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक बर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक बर्षको सदस्य तर्फको खरिद वा बिक्री कारोबारमा कम्तिमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोबार सम्झनु पर्छ ।



प्रमुख

ण. "विनियम" भन्नाले संस्थाको विनियम सम्झनु पर्छ ।

त. "सहकारी खेती" भन्नाले संस्थाले बहुवर्षीय रूपमा भूमिको व्यवस्था गरी आफ्ना सदस्यहरू प्रत्यक्षतः संलग्न गराएर सामूहिक वा व्यक्तिगत जोखिममा सञ्चालन गर्ने खेतीपाती सम्झनु पर्छ र सो शब्दले त्यसरी सामूहिक जोखिममा गरिने पशुपालन, माछापालन, रेशम खेती, मौरीपालन, कुखुरापालनजस्ता व्यवसायलाई समेत जनाउँछ।

थ. "समिति" भन्नाले संस्थाको सञ्चालक समिति सम्झनु पर्छ ।

द. "साधारण सभा" भन्नाले संस्थाको साधारण सभा सम्झनु पर्छ।

ध. "सीमान्तकृत समुदाय" भन्नाले दलित र पिछडिएका अल्पसङ्ख्यक जनजाति समुदाय सम्झनु पर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिहरूलाई समेत जनाउँछ।

न. "संस्था" भन्नाले सहकारी संस्था सम्झनु पर्छ र सो शब्दले सहकारी सङ्घलाई समेत जनाउँछ ।

## परिच्छेद - २

## अनुदान सम्बन्धी व्यवस्था

३. **अनुदान दिन सक्ने**: (१) संस्थाको आयोजना सञ्चालन गर्न भरतपुर महानगरपालिकाले देहाय बमोजिम अनुदान दिन सक्नेछ :-

(क) बीउपुँजी अनुदान,

(ख) पुँजीगत अनुदान,

(ग) कार्यक्रम अनुदान।

(२) महानगरपालिकाबाट प्रत्येक वर्ष प्रदान गरिने अनुदान रकमको अधिकतम सीमा सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भएबमोजिम हुनेछ ।

(३) अनुदान दिँदा देहायका संस्थाको देहाय बमोजिमका आयोजनाका लागि दिन सकिनेछः-

(क) श्रमिक, भूमिहीन कृषक, सीमान्तकृत समुदाय, उत्पादक सम्मिलित सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई सामूहिक वा व्यक्तिगत रूपमा वस्तु वा सेवा उत्पादन गरी स्वरोजगारीका अवसर दिलाउने आयोजना,

(ख) उत्पादक सहकारी संस्थाले दीर्घकालीन रूपमा भूमिको व्यवस्था गरी सदस्यलाई संलग्न गराई सञ्चालन गर्ने सहकारी खेतीका आयोजना,

(ग) उत्पादक सहकारी संस्थाले आफ्ना सदस्यहरूको उपज सङ्कलन, सञ्चय, प्रशोधन तथा बजारीकरण गर्ने सम्बन्धी आयोजना,

(घ) आम उपभोक्ताका सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई अत्यावश्यक दैनिक उपभोग्य वस्तुहरू बिक्री वितरण गर्ने आयोजना र

(ङ) सहकारी संस्थाले सङ्गठित भई सामूहिक रुपमा सञ्चालन गर्ने शीतघर, स्रोत केन्द्र, थोक बजार, यातायात, स्वास्थ्य सेवा, जलविद्युत्, भारी उपकरण, कृषि औजार, प्रोसेसिङ प्लान्ट, मिल, ढुवानीका साधान, कृषि औजार कारखाना, भवन निर्माण लगायतका साझा उपयोगका आयोजना ।

(च) सहकारी संघलाई कोसेली घर व्यवस्थापन अनुदान, भरतपुर महानगरपालिकाको ग्रामिण क्षेत्रमा सञ्चालित महिला सहकारी

(क) उत्पादनमूलक संस्थाले सदस्यहरूको मात्र उपज खरिद गर्नुपर्ने,

(ख) उपभोक्ता संस्थाले सदस्यहरूलाई आवश्यक वस्तु वा सेवा मात्र विक्री गर्नुपर्ने,

(ग) रोजगारीमूलक संस्थाले सदस्यहरूलाई मात्र रोजगारी दिनुपर्ने,

(२) यातायात र स्वास्थ्य सेवाका आयोजनाको हकमा यो दफा लागू हुने छैन ।

८. **अनुदान उपलब्ध नगराइने** : (१) दफा ४, ५ र ६ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा संस्थालाई अनुदान उपलब्ध गराइने छैन-

(क) वार्षिक साधारण सभा सम्पन्न नगरेको,

(ख) सञ्चालक समिति र लेखा सुपरिवेक्षण समितिको नियमित रूपमा निर्वाचन नगरेको,

(ग) नियमित रूपमा वार्षिक लेखा परीक्षण नगराएको,

(घ) लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन पेस नभएको

(ङ) अघिल्ला वर्षहरुमा प्राप्त गरेको अनुदानको सदुपयोग नगरेको,

(च) कार्यक्षेत्रभन्दा बाहिर गई कारोबार सञ्चालन गरेको,

(छ) कर चुक्ता प्रमाणपत्र नभएको,

(ज) संस्था दर्ता भएको कम्तिमा दुई वर्ष पूरा नभएको ।

तर बीउपुँजी अनुदानको हकमा प्रारम्भिक साधारण सभा सम्पन्न गरेपछि त्यस्तो अनुदान उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद - ३

## अनुदान प्रदान गर्ने प्रक्रिया

९. **सूचना प्रकाशन गर्ने** : सहकारी उप-समितिको निर्णय अनुसार अनुदानका विषय उल्लेख गरी सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले महानगरपालिकाको वेवसाइट र स्थानिय संचार माध्यम मार्फत सूचना प्रकाशन गर्नेछ । सूचना सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको सूचना पाटीमा समेत टाँस गरिनेछ ।

१०. **दरखास्त पेस गर्नुपर्ने** : यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्न चाहने संस्थाले देहायका कागजात तथा विवरण संलग्न गरी दफा ९ बमोजिम प्रकाशित सूचनामा दिइएको अवधि भित्र अनुसूची-१ बमोजिमको ढाँचामा कार्यालयमा दरखास्त / प्रस्तावना दिनु पर्नेछः-

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) सम्बन्धित् वडा कार्यालयको सिफारिस,

(ग) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(घ) कर चुक्ताको प्रमाणपत्र,

(ङ) आयोजनाको प्रस्ताव,

(च) साधारण सभाबाट आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि,

(छ) सञ्चालक समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क टेलिफोन नम्बर खुलेको विवरण,

(ज) पचास लाखरुपैयाँ भन्दा माथिको कुल लागत भएको आयोजना भए विस्तृत सम्भाव्यता अध्ययन प्रतिवेदन र सोभन्दा कम कुल लागत भएको आयोजना भए पूर्वसम्भाव्यता अध्ययन प्रतिवेदन,

(झ) जग्गा प्राप्त गर्नुपर्नेमा प्रासिको भरपर्दो व्यवस्था खुल्ने कागजात,

(ञ) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पुँजीको स्रोत खुलेको कागजात।

(ट) अनुसूची – २ बमोजिमको विवरण ।

११. **प्रारम्भिक छानविन गर्ने** : (१) दफा १० बमोजिम प्राप्त दरखास्त उपर सहकारी उप-समितिले प्रारम्भिक छानविन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छानविन गर्दा यस कार्यविधि बमोजिम प्रारम्भिक छानविन पश्चात सहकारी उप-समितिले दफा १२(१) बमोजिम गठित अनुदान प्रस्ताव मूल्याङ्कन समिति समक्ष अनुसूची-३ बमोजिमको मूल्याङ्कन प्रतिवेदन तयार गर्न पेश गर्नेछ ।

(३) मूल्यांकन समितिबाट प्राप्त भएको प्रतिवेदन महाशाखा/शाखा प्रमुख मार्फत आर्थिक विकास समितिमा पेश गरिनेछ। आर्थिक विकास समितिले लाभग्राही छनौट र कार्यक्रम संचालनका लागि आवश्यक निर्णय लिनेछ। आर्थिक विकास समितिले कार्यक्रम संचालनका क्रममा वाधा व्यवधान परेमा आवश्यक निर्णय गरि कार्यक्रम संचालन गर्न सहयोग गर्नेछ।

(४) कार्यक्रमवाट उपलव्ध हुनेअधिकतम अनुदान र अनुदान प्रतिशत मूल्यांकन समितिको सिफारिसमा आर्थिक विकास समितिले तोके बमोजिम हुनेछ।

(५) दरखास्त छानविनका सिलसिलामा आवश्यक अन्य निर्देशन आर्थिक विकास समितिले तोकेबमोजिम हुनेछ ।

(६) आर्थिक विकास समितिको निर्णयमा गुनासो परेमा थप निर्णय नगर कार्यपालिकाले गर्नेछ।

१२. **प्रस्तावको मूल्याङ्कन गर्ने** : (१) दफा ११ को उपदफा (२) बमोजिम प्राप्त प्रस्तावको मूल्याङ्कन गरी सिफारिस गर्न देहाय बमोजिमको अनुदान प्रस्ताव मूल्याङ्कन समिति रहनेछः

| | |
|---|---|
| अध्यक्षः प्रमुख प्रशासकीय अधिकृत | १ जना |
| सदस्यः आर्थिक विकास महाशाखा प्रमुख | १ जना |
| सदस्यः प्रतिनिधि, सहकारी उप-समितिले तोकेको सहकारी उप-समितिको पदाधिकारी | १ जना |
| सदस्यः प्रतिनिधि, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखा | १ जना |
| सदस्य सचिवः नगर सहकारी अधिकृत | १ जना |

(२) मूल्याङ्कन प्रयोजनका लागि सहकारी तथा रोजगार प्रवर्द्धन शाखाको सहयोगमा सहकारी उप समितिले दफा ९ बमोजिमको सूचनाको म्यादभित्र शाखामा दर्ता भएका सबै दरखास्तहरू प्राप्त भएको सुनिश्चित गर्नु पर्नेछ ।

(३) मूल्याङ्कन गर्दा प्रस्ताव मूल्याङ्कन समितिले दफा ३ को उपदफा (२) बमोजिम छुट्टयाइएको बजेटको सीमाभित्र रही प्रत्येक प्रस्तावलाई अनुसूची-३ बमोजिमको आधारमा मूल्याङ्कन गरी अङ्क प्रदान गर्नु पर्नेछ ।

१३. **आयोजना प्रस्तावको स्वीकृति** : (१) दफा १२ बमोजिम प्रस्ताव मूल्याङ्कन समितिबाट सिफारिस भएको प्रस्ताव स्वीकृतिका लागि सहकारी तथा रोजगार प्रवर्द्धन शाखाले आर्थिक विकास समितिसमक्ष पेस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त आयोजना प्रस्तावमा विचार गरी अनुदानको लागि योग्य देखिएमा आर्थिक विकास समितिले स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) आर्थिक विकास समितिको निर्णय पश्चात छनौट भएका लाभग्राहीको नतिजा महानगरपालिकाको वेवसाइटमा राखिनेछ।

(४) अनुदानका लागि छनौट भएका सहकारी संघ/संस्थासँग कार्य सञ्चालनको लागि सम्झौता गरिनेछ। सम्झौता बमोजिम कार्य सम्पन्न गरेपछी वडा कार्यालयको सिफारिसका आधारमा महानगरपालिकाले भुक्तानी दिनेछ ।

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वीकृतिका लागि प्राप्त आयोजना प्रस्ताव यस कार्यविधि बमोजिम भएको नदेखिएमा आर्थिक विकास समितिले देहाय बमोजिम गर्नेछः-

(क) तात्विक प्रकृयागत वा अन्य त्रुटि देखिएकोमा पुनःमूल्याङ्कनका लागि कुनै वा सबै प्रस्ताव मूल्याङ्कन समितिमा फिर्ता पठाउने।

(६) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक विकास समितिले आवश्यक देखेका उपयुक्त आयोजनालाई कुनै सर्त, बन्देज तोकी प्रस्ताव स्वीकृत गर्न सक्नेछ।

(७) आर्थिक विकास समितिको निर्णयमा निर्णय सार्वजनिक भएको मितिले एक हप्ता भित्र गुनासो दर्ता भएमा अन्तिम निर्णय नगर कार्यपालिका बैठकले गर्नेछ।

## परिच्छेद - ४

## कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

१४. **भुक्तानी विधि** : (१) यस कार्यविधि बमोजिम संस्थालाई उपलब्ध गराइने वित्तीय अनुदानको रकम देहाय बमोजिम भुक्तानी गर्न सकिनेछः-

(क) सम्झौता भएपछि पच्चीस प्रतिशतसम्म र

(ख) खण्ड (क) बमोजिम प्राप्त रकमको खर्चको फाँटबारी र निर्माण कार्यको हकमा रनिङ बिलसहितको अन्तरिम प्रतिवेदन प्राप्त भएपछि बाँकी रकम ।

(२) उपदफा (१) बमोजिम संस्थालाई प्रदान गरिने अनुदान रकम भरतपुर महानगरपालिका आर्थिक प्रशासन महाशाखाबाट भुक्तानी दिइनेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले आयोजना सञ्चालन गर्दा आवश्यक पूर्वतयारी पूरा गर्नुपर्नेमा त्यस्तो पूर्वतयारी पूरा नगरेसम्म आर्थिक विकास समितिले दफा १४ को उपदफा (४) बमोजिम कुनै सर्त, बन्देज तोकेकोमा त्यस्तो सर्त, बन्देज पालना नगरेसम्म कुनै पनि रकम प्रदान गरिने छैन।

१५. **सार्वजनिक खरिद ऐन लागू हुने** : यस कार्यविधि बमोजिम संस्थाले प्राप्त गर्ने अनुदानको रकम खर्च गर्दा, कार्यक्रमको लेखाँकन, कारोवार, लेखा परिक्षण गर्दा आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिने छ ।

१६. **वित्तीय अनुदानको सदुपयोग गर्नुपर्ने** : (१) संस्थाले वित्तीय अनुदानको रकम दफा ४ र ५ बमोजिम आफ्नो खातामा आम्दानी बाँधी जुन प्रयोजनको लागि प्राप्त भएको हो, सोही प्रयोजनमा मात्र उपयोग गर्नु पर्नेछ ।

(२) संस्थाले उपदफा (१) बमोजिम आम्दानी बाँधिएको वित्तीय अनुदानको रकमको उपयोग खुल्ने गरी स्रेस्ता राखी अद्यावधिक गर्नु पर्नेछ ।

प्रमुख

१७. **प्रतिवेदन दिनुपर्ने** : संस्थाले यस कार्यविधि बमोजिम प्राप्त गरेको वित्तीय अनुदानबाट सम्पन्न गरेका कार्य, खर्च र प्रतिफल सहितको विवरण देहायको अवधि भित्र अनुदान उपलब्ध गराउन सम्झौता गर्ने कार्यालयमा पेस गर्नु पर्नेछः-

(क) पहिलो अन्तरिम प्रतिवेदन दोस्रो किस्ता लिनु अगावै,

(ख) वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीस दिनभित्र र

(ग) आयोजनाको प्रतिफल र उपलब्धी सहितको अन्तिम प्रतिवेदन आयोजना सम्पन्न भएको एक वर्षभित्र ।

१८. **अनुगमन गर्नुपर्नेः** (१) सहकारी उप-समितिले सम्बन्धित् वडाको जनप्रतिनिधिको उपस्थितिमा यस कार्यविधि बमोजिम अनुदान प्रदान गरिएका आयोजनाको नियमित रूपमा अनुगमन गर्नु पर्नेछ। अनुगमनको कार्यमा संस्थाले आवश्यक सहयोग गर्नुपर्नेछ ।

१९. **अनुदान रोक्का गर्न सक्ने** : (१) दफा १८ बमोजिम अनुगमन गर्दा संस्थाले प्राप्त वित्तीय अनुदानको सदुपयोग नगरेको वा सम्झौताको कुनै सर्त पालना नगरेको पाइएमा अनुगमन प्रतिवेदनको सिफारिसको आधारमा कार्यालयले मुनासिब समय दिई देहाय बमोजिम गर्न सक्नेछ :-

(क) उपयोग नगरेको रकम वा खरिद भएको उपकरणको उपयोग गर्न लगाउने,

(ख) अधुरो निर्माण कार्य सुचारु गर्न लगाउने र

(ग) सम्झौताको सर्त पालना नभएकोमा पालना गर्न लगाउने ।

(२) उपदफा (१) बमोजिम दिइएको समयभित्र संस्थाले आवश्यक सुधार नगरेमा कार्यालयले आवश्यक सुधार गरेपछि फुकुवा गर्ने गरी बाँकी किस्ताको भुक्तानी रोक्का राख्न सक्नेछ ।

२०. **असूल उपर गरिने** : दफा १८ बमोजिम अनुगमन गर्दा यस कार्यविधि बमोजिम संस्थालाई प्रदान गरिएको वित्तीय अनुदानको रकम कुनै किसिमले दुरुपयोग गरिएको पाइएमा त्यस्तो रकम दुरुपयोग गर्ने संस्थाका सदस्य तथा पदाधिकारीको घर घरानाबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

२१. **सफाई पेस गर्ने मौका दिनुपर्ने** : दफा १९ बमोजिम अनुदान रोक्का राखुपर्दा वा दफा २० बमोजिम रकम असुल उपर गर्नुपर्दाको अवस्थामा सम्बन्धित संस्थालाई सफाई पेस गर्ने मुनासिब माफिकको समय दिनुपर्नेछ ।

२२. **वित्तीय अनुदानको लेखापरीक्षण** : (१) संस्थाले यस कार्यविधि बमोजिम प्राप्त वित्तीय अनुदानको लेखापरीक्षण सहकारी ऐनमा व्यवस्था भए बमोजिम गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउने प्रयोजनका लागि संस्थाले प्राप्त रकमको स्रेस्ता तथा बिल भरपाईहरू यस कार्यविधि बमोजिम अलग्गै रूपमा सुरक्षित राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको लेखापरीक्षण प्रतिवेदन संस्थाले साधारण सभाबाट स्वीकृत भएपछि भरतपुर महानगरपालिकामा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम सम्पन्न लेखापरीक्षण त्रुटीपूर्ण रहेको भनी उजुरी परेमा भरतपुर महानगरपालिकाले तत्सम्बन्धमा छानबिन गरी संस्थालाई पुनः लेखापरीक्षण गराउन निर्देशन दिन सक्नेछ ।

प्रमुख

## परिच्छेद - ५
## विविध

२३. **साधारण सभालाई जानकारी गराउनु पर्ने** : यस कार्यविधि बमोजिम अनुदान प्राप्त भए पछि संस्थाले लगत्तै बस्ने साधारण सभामा सोको सम्पूर्ण विवरण सहितको जानकारी गराउनु पर्नेछ ।

२४. **विवरण सार्वजनिक गर्नुपर्ने** : (१) संस्थाले भरतपुर महानगरपालिकाबाट प्राप्त गरेको वित्तीय अनुदानको प्रयोजन समेत खुल्ने विवरण र खर्चको फाँटवारी आयोजनास्थल वा संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीका लागि प्रस्टसँग पढ्न सकिने गरी सूचना पाटीमा लेखी सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक गरिने विवरणमा आयोजनाको स्वीकृत प्रस्ताव बमोजिम भरतपुर महानगरपालिकाका साथै संस्थाको प्रयोजनगत योगदान र अद्यावधिक खर्चका महलहरू राखु पर्नेछ ।

२५. **व्याख्या गर्ने अधिकार** : यस कार्यविधिको कार्यान्वयनका सिलसिलामा कुनै प्रावधानमा द्विविधा उत्पन्न भएमा कार्यविधिको भावना र मर्मको प्रतिकूल नहुने गरी महानगरपालिकाले व्याख्या गर्न सक्नेछ ।

### अनुसूची- १
### (दफा १० सँग सम्बन्धित)
### दरखास्तको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
भरतपुर महानगरपालिका,नगर कार्यपालिकाको कार्यलय,
भरतपुर, चितवन।

विषयः अनुदानका लागि प्रस्ताव पेस गरिएको ।

भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यलयबाट मिति २०७ / / गते प्रकाशित सूचना अनुसार यस सङ्घ/संस्थाले भरतपुर महानगरपालिकाको वित्तीय अनुदानसमेतमा .............................. आयोजना सञ्चालन गर्ने गरी मिति २०७ / / को साधारण सभाले निर्णय गरेकाले सूचनामा तोकिएका कागजात संलग्न राखी अनुसूची- २ बमोजिमको विवरण खुलाई यो दरखास्त पेस गरिएको छ। सहकारी संस्थाहरूलाई अनुदान सुविधा प्रदान गर्ने कार्यविधि, २०७६ का सर्त, बन्देजहरू पालना गर्न यो सङ्घ/संस्था मन्जुर छ ।

भवदीय,
..................
अध्यक्ष

नाम, थरः
संस्थाको नाम, ठेगानाः
सम्पर्क नं.:

संस्थाको छाप

अनुसूची- २

(दफा १० को खण्ड (ट) सँग सम्बन्धित)

आयोजनाको विवरण

१) संघ/संस्थाको नाम: .......................................................................................................

ठेगाना :

जिल्ला :

भ.म.न.पा. :

वडा नं. :

गाउँ/टोल :

२)दर्ता नम्बर र मिति :

३)आयोजनाको नाम :

४)आयोजनास्थल

जिल्ला :

भ.म.न.पा. :

वडा नं.:

गाउँ/टोल :

५) आयोजना प्रारम्भ हुने मिति:

६)आयोजना सम्पन्न हुने मिति:

७) प्रस्तावित आयोजनाको कुल लागत: रु. ..........................................

७.१ स्थीर पुँजी आवश्यकता : रु. ..........................................

क. मेसिनरी उपकरण रु. ..........................................

ख. जग्गा रु. ..........................................

ग. भवन रु. ..........................................

घ. पशुपन्छी खरिद रु. ..........................................

ङ. अन्य (खुलाउने) रु. ..........................................

७.२ कार्यशील पुँजी आवश्यकता : रु. ..............................

७.३ कार्यक्रम खर्चको आयोजनाको हकमा कार्यक्रम खर्च : रु. ..............

८) संस्थाले बेहोर्ने लागत प्रतिशत: ....................

९) संस्थाको लागत बेहोर्ने स्रोत :

क. शेयर रकमबाट रु. ...................

ख. जगेडा कोषबाट रु. ...................

ग. अन्य रु. ....................

१०) भरतपुर महानगरपालिकाको अन्य निकायबाट वित्तीय सहयोग प्रास गरेको वा प्रास गर्न आवेदन दिएको भए खुलाउने: ........................................................................................

..............................................................................................

११) सदस्य सहभागिताको अवस्था

| वर्गीकरण | सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण सदस्यमा | | सञ्चालक समितिमा | | आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ महिला | | | | | | |
| २ पुरुष | | | | | | |
| महिला र पुरुष जम्मा (१+२) | | | | | | |
| ३ सीमान्तकृत समुदाय र महिला | | | | | | |
| ४ अन्य समुदाय | | | | | | |
| सीमान्तकृत, महिला र अन्य समुदायको जम्मा(३+४) | | | | | | |

"सीमान्तकृत समुदाय" भन्नाले दलित र पिछडिएका अल्पसङ्ख्यक जनजाति समुदाय सम्झनु पर्छ र सो शब्दले अपाङ्गता भएका व्यक्तिहरूलाई समेत जनाउँछ।

**१२. कार्यालयको भौतिक स्थिति**

आफ्नै भवन ☐

भाडाको घर ☐

**१३. संस्थागत सुशासनको स्थितिः**

१३.१ सञ्चालक समितिको बैठक मासिक नियमित ☐ छ ☐ छैन

१३.२ पछिल्लो वार्षिक साधारण सभा सम्पन्न मिति ☐

१३.३ पछिल्लो वार्षिक लेखा परीक्षण सम्पन्न मिति ☐

**१३.४ लेखा सुपरिवेक्षण समितिको क्रियाशिलता कस्तो छ ?** (क,ख,ग,घ मध्य कुनै एकमा ठिक चिन्ह दिनुहोस)

क. सुपरिवेक्षण गरी संचालक समितिलाई लिखित राय सुझाव दिने, आफ्नो छुट्टै बैठक बस्ने, निर्णय गर्ने, साधारण सभामा प्रतिवेदन पेश गर्ने गरेको

ख. सुपरिवेक्षण मात्र गरी राय सुझाव मात्र दिने गरेको

ग. नियमित रुपमा नगरी कहिलेकाहिँ मात्र गर्ने गरेको

घ. लेखा सुपरिवेक्षण समिति क्रियाशिल छैन

बिषयगत संघहरूमा आबद्ध ☐ छ ☐ छैन

१३.५ संस्थाको आन्तरिक कार्यविधि

१३.५.१ आन्तरिक कार्यविधि ☐ छ ☐ छैन

१३.५.२ आन्तरिक कार्यविधि छ भने कतिवटाः क.१ देखि ५ ख. ५ भन्दा बढी

१३.६ संस्थाले नियमित रुपमा निर्धारित समयभित्र महानगरपालिकामा पठाउनुपर्ने मासिक प्रगति विवरण तथा अन्य प्रतिवेदन पठाएको - ☐ छ ☐ छैन

१३.७ आयोजनाको सम्भाव्यता अध्ययन ☐ छ ☐ छैन

१३.८ सम्भाव्यता अध्ययन भएको भए व्यवसायको वार्षिक मुनाफा दरः ☐

१३.९ संस्थाले स्वीकृत कार्यक्षेत्र वाहिर कारोवार ☐ छ ☐ छैन

१३.१० संस्थाले गैर सदस्य संग कारोवार ☐ छ ☐ छैन

१३.११ सहकारी सूचना प्रणालीमा आवद्धता- ☐ भएको ☐ नभएको

१३.१२ संचालक समितिमा महिला सहभागिता – ☐ भएको ☐ नभएको

भए कति प्रतिशत खुलाउनेः-

**१४. सामूहिक व्यवस्थापनमा सञ्चालन**

क) ☐ हुने ☐ नहुने

ख) हुने भए सामूहिक रूपमा के कसरी सञ्चालन गरिने हो, खुलाउने : ...................................................................

**१५. वातावारणीय सरोकार** (प्राकृतिक स्रोतको जगेर्ना, जैविक विविधतामा बढोत्तरी, स्थानीय जातको संरक्षण, प्राङ्गारिक खेतीपाती, प्रदूषणको रोकथामलगायतमा पर्ने प्रभाव)

क) सकारात्मक प्रभाव हुने ☐ नहुने ☐

ख) हुने भए के कस्तो हुने हो, खुलाउने : ...................................................................

ग) नकारात्मक प्रभाव ☐ हुने ☐ नहुने

घ) हुने भए के कस्तो हुने हो, खुलाउने : ...................................................................

**१६. भरतपुर महानगरपालिका बाट यस अघि संस्थाले अनुदान लिएकोः** छ ☐ छैन ☐

अनुदान लिएको छ भने कहिले....................... कति...................... कुन शाखाबाट..................

**१७. भरतपुर महानगरपालिकाको अन्य शाखामा यस आर्थिक बर्षमा अनुदान माग गरेकोः** छ ☐ छैन ☐

अनुदान माग गरेको छ भने कुन शाखामा माग गरेको

**१८. अन्य कुनै कुरा भए खुलाउने :** ...................................................................

माथि उल्लेखित सम्पूर्ण विवरणहरू सहकारी संस्था/संघको आधिकारीक विवरण हो । झुठो विवरण पेश गरी अनुदान रकम लिएको ठहरे सरकारी बाकीं सरह भरतपुर महानगरपालिकालाई बुझाउला, कानुन बमोजिम सजाय सहुँला भनी मेरो राजीखुसीले सहिछाप गरिदिए ।

अध्यक्षको हस्ताक्षर

नाम, थर :

संस्थाको छाप

संस्थाको नाम र ठेगानाः

अध्यक्षको सम्पर्क नं.:

| | | | |
|---|---|---|---|
| ६ | **संस्थाको भवन व्यवस्था** | १० | |
| | क) आफ्नो भवन भएको | १० | |
| | ख) भाडामा लिनुपर्ने | ७ | |
| ७ | संस्थाको कारोवार र कार्यक्षेत्र | ५ | |
| | क) संस्थाले स्वीकृत कार्यक्षेत्र भित्र मात्र कारोवार गरेको | ५ | |
| | ख) संस्थाले स्वीकृत कार्यक्षेत्र बाहिर पनि कारोवार गरेको | ३ | |
| ८ | संस्थाको कारोवार र सदस्य | ५ | |
| | क) संस्थाले शेयर सदस्य भित्र मात्र कारोवार गरेको | ५ | |
| | ख) संस्थाले गैर सदस्य सँग पनि कारोवार गरेको | ३ | |
| ९ | **सदस्य सहभागिता** | १० | |
| | क) बहुसंख्यक सिमान्तकृत र महिला सदस्यको सहभागिता | १० | |
| | ख) बहुसंख्यक अन्य सदस्यको सहभागिता | ७ | |
| १० | सहकारी सूचना प्रणालीमा आवद्धता | ५ | |
| | क) आवद्धता भए | ५ | |
| | ख) आवद्धता नभए | ३ | |
| ११ | संचालक समितिमा महिला सहभागिता | ५ | |
| | क) तेत्तिस प्रतिशत भन्दा बढी भएमा | ५ | |
| | ख) तेत्तिस प्रतिशत भन्दा कम भएमा | ३ | |
| | ग) नभएमा | २ | |
| | जम्मा | १०० | |

प्रमुख